पहिलाका अम्बिया (सन्देष्टाहरू) सित मान्छेहरूले जे कुरा सिकेका थिए, (त्यसमध्ये यो पनि हो) : "यदि तिमीलाई लाज छैन भने, जे मन लाग्छ गर।

अबु मसऊद उक़्बा बिन अम्र अल-अन्सारी अल-बद्री (रज़ियल्लाहु अन्हु) ले भन्नुहुन्छ, अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: पहिलाका अम्बिया (सन्देष्टाहरू) सित मान्छेहरूले जे कुरा सिकेका थिए, (त्यसमध्ये यो पनि हो) : "यदि तिमीलाई लाज छैन भने, जे मन लाग्छ गर।"
[सही] [बुखारीले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले हामीलाई भन्नुभयो: अघिल्ला समयका सन्देष्टाहरूले गरेका उपदेशहरू जो मानिसहरू बीचमा फैलिएका छन् र सन्तान दर सन्तान हस्तान्तरण हुँदै यो समुदायका पहिलो वंशज सम्म आइ पुगे, तीमध्ये यो पनि हो कि जुन काम तपाईं गर्न लाग्नु भएको छ त्यसलाई हेर्नु होस्, यदि त्यो काम गर्नका लागि कुनै लाज छैन भने त्यो काम गरि हाल्नुस् र यदि त्यो काममा तपाईंलाई लाज मान्नु पर्ने छ भने , त्यसलाई छोडिदिनुहोस्; नराम्रो कर्मको बाधक भनेको लाज लाग्नु हो र जसलाई लाज हुँदैन ऊ हरेक प्रकारका अनैतिक र निन्दनीय कामहरूमा लिप्त हुन्छ ।

https://sunnah.global/hadeeth/ne/show/66523